जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २८ •अंक १४७ •२०८३ साल आश्विन २८ गते बुधबार (14 October, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## दोषी ठहरिएका शर्माको निलम्बन फुकुवा बन्यो विवाद

**टुडे समाचारदाता**



जनकपुरधाम । सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्या मुद्दामा दोषी ठहर भइ पाँच वर्ष कैद सजाय पाएका मधेश प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा भएपछि कानुनी विवाद उत्पन्न भएको छ।

मधेश प्रदेशसभा सचिवालयले २०८३ असोज २६ गते सूचना जारी गर्दै सभामुख रामआशिष यादवको निर्णय अनुसार शर्माको निलम्बन फुकुवा गरेको जनाएको छ। सर्वोच्च अदालतबाट थुनाबाहिरै बसेर पुनरावेदन प्रक्रिया अघि बढाउन सुविधा पाएको आधारमा निलम्बन फुकुवा गरिएको छ।

महोत्तरी जिल्ला अदालतले शर्मालाई जन्मकैदको सजाय सुनाएकोमा उच्च अदालत जनकपुरले २०८३ असार १७ गते त्यसलाई घटाएर पाँच वर्ष कैद कायम गरेको थियो । उच्च अदालतले सजाय घटाए पनि उनलाई सफाइ भने दिएको थिएन । यही अवस्थामा सर्वोच्च अदालतबाट प्राप्त सुविधाका आधारमा निलम्बन फुकुवा गर्न मिल्ने वा नमिल्ने भन्ने प्रश्न उठेको छ।

मधेश प्रदेशसभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) मा अदालतबाट सफाइ पाएमा वा थुनामुक्त भएमा निलम्बन फुकुवा गर्न सकिने व्यवस्था छ। तर, पुनरावेदनका लागि तारेखमा बस्ने सुविधा पाउनु र नियमावलीमा उल्लेखित थुनामुक्तिको अवस्था एउटै हो कि होइन भन्ने विवादको मुख्य विषय बनेको छ।

एक वरिष्ठ अधिवक्ताले दोषी ठहर गर्ने फैसला कायम रहेकै अवस्थामा थुनाबाहिर बस्ने सुविधा पाएकै आधारमा निलम्बन फुकुवा गर्नुको कानुनी आधारमाथि प्रश्न उठाएका छन्।

यता सभामुख यादवले प्रदेशसभा सचिवालयको कानुन शाखामार्फत मुख्य न्यायाधिवक्ताको लिखित राय लिएर निर्णय गरिएको बताएका छन् । मुख्य न्यायाधिवक्ता सुनिलरञ्जन सिंहले शर्माले कैदबापतको ५ लाख ४७ हजार ५०० रुपैयाँ दाखिला गरी सर्वोच्च अदालतको आदेश अनुसार पुनरावेदन दर्ता गराएको भन्दै संविधानको धारा २०(५), मुलुकी अपराध संहिताको दफा १२ तथा प्रदेशसभा नियमावलीका व्यवस्थालाई आधार बनाउँदै निलम्बन फुकुवा गरिएको बताए।

निलम्बन फुकुवासँगै शर्मा पुनः प्रदेशसभामा सक्रिय हुन पाउने भएका छन् । अदालतबाट दोषी ठहर कायम रहेकै अवस्थामा गरिएको निर्णयले उनको संसदीय हैसियत र कानुनी व्याख्याबारे बहस चर्काएको छ।

### संघीय सरकारप्रति मुख्यमन्त्रीहरूको आक्रोश

## प्रहरी समायोजनदेखि वित्तीय संघीयतासम्मका मुद्दामा साझा दबाब सिर्जना गर्ने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । संविधानप्रदत्त अधिकार कार्यान्वयनमा संघीय सरकारले उदासीनता देखाएको भन्दै सातै प्रदेशका मुख्यमन्त्रीहरूले असन्तुष्टि व्यक्त गरेका छन् । प्रहरी समायोजन, निजामती सेवा ऐन निर्माण, वित्तीय अधिकार हस्तान्तरण र प्रदेशको स्वायत्तताका विषयमा संघ सरकारको ढिलासुस्तीले प्रदेश संरचना कमजोर बनेको उनीहरूको आरोप छ।

विराटनगरमा मंगलबार आयोजित 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन'मा सहभागी मुख्यमन्त्रीहरूले संघीयता प्रभावकारी बनाउन प्रदेशलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिए । प्रदेशको अधिकार, पहिचान र सुदृढीकरणका लागि मुख्यमन्त्रीहरूबीच हुने सम्मेलनमा संघीय सरकारको अनिवार्य सहभागिता आवश्यक नरहेको उनीहरूको भनाइ थियो ।



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको कामकारबाही, अधिकार र कार्यसम्पादनको समीक्षा गर्न अन्तरप्रदेश सम्मेलन आयोजना हुँदै आएको स्पष्ट पारे । संघीय सरकारले आयोजना गर्ने सम्मेलन तथा बैठकमा निमन्त्रणाअनुसार सहभागी हुने गरेको उल्लेख गर्दै उनले प्रदेशका साझा सवालमा छलफल गर्न केन्द्र सरकारलाई नै खोज्नुपर्ने बाध्यकारी व्यवस्था नरहेको बताए।

उनले संघीय सरकारको केन्द्रीकृत मानसिकता, राजनीतिक दलका शीर्ष नेताहरूको उदासीनता र प्रदेशलाई 'सेतो हात्ती' भन्ने भाष्यप्रति आक्रोश व्यक्त गरे। अधिकार नदिई परिणाम मात्र खोज्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उनको भनाइ थियो।

मुख्यमन्त्री यादवले प्रदेश प्रहरी ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि प्रहरी समायोजन प्रक्रिया अघि नबढाइएको भन्दै आपत्ति जनाए । संघीय सरकारले आफूखुसी प्रदेशमा सचिव पठाउने अभ्यासले प्रादेशिक स्वायत्तता कमजोर बनाएको उल्लेख गर्दै प्रदेशमा समानान्तर संरचना खडा गर्न नहुने बताए।

वित्तीय संघीयतालाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा तीन करोड रुपैयाँभन्दा साना आयोजना संघले रोक्ने निर्णय पुनर्विचार गर्नुपर्ने, ट्राफिक जरिवानाको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने र रोयल्टी समयमै उपलब्ध गराउनुपर्ने माग उनले राखे । साथै, छ अर्ब रुपैयाँभन्दा माथिका परियोजनाको स्वीकृति प्रदेश लगानी प्राधिकरणबाटै हुनुपर्ने उनको प्रस्ताव थियो।

मधेशलाई कृषि हब बनाउने, सिमरालाई अन्तरप्रदेश हवाई हबका रूपमा विकास गर्ने, जनकपुर-लुम्बिनी पर्यटन सर्किट निर्माण गर्ने तथा बाढी र डुबान नियन्त्रणका लागि साझा नदी प्रणाली सञ्जाल बनाउने प्रस्तावसमेत उनले अघि सारे।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश संरचना संघीयताको मूल खम्बा भएको बताए। संघीयताको सफलता प्रदेशको प्रभावकारितामा निर्भर रहने उल्लेख गर्दै उनले प्रदेशलाई 'सेतो हात्ती' भन्ने प्रचार तथ्यसंगत नभएको जिकिर गरे।

उनले मुलुकको कुल चालु खर्चमा संघ र स्थानीय तहको हिस्सा ९५ प्रतिशतभन्दा बढी छ भने सातै प्रदेशको हिस्सा चार प्रतिशतभन्दा केही बढी रहेको बताए । संविधानमा प्रदेशका अधिकार स्पष्ट नहुँदा कार्यान्वयनमा समस्या देखिएको भन्दै उनले संविधान संशोधनमार्फत अधिकार क्षेत्र द्विविधारहित बनाउनुपर्ने बताए।

२०७५ सालदेखि उठ्दै आएका निजामती, प्रहरी, शिक्षा र स्वास्थ्यसम्बन्धी कानुनका माग सम्बोधन नभएको उल्लेख गर्दै उनले सातै प्रदेशका मुख्यमन्त्री र प्रशासनिक नेतृत्व काठमाण्डु पुगेर प्रधानमन्त्रीसँग निर्णायक वार्ता गर्ने बताए।

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले अन्तरप्रदेश सम्बन्ध र सहकार्य बलियो बनाएर प्रदेश संरचना सुदृढ गर्नुपर्ने बताए। सम्मेलनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरलगायतले पनि धारणा राखेका थिए।

सम्मेलनले संविधानप्रदत्त अधिकार, प्रहरी समायोजन, निजामती सेवा ऐन, वन तथा शिक्षा ऐन संशोधन र वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनका लागि साझा मागसहित घोषणापत्र जारी गर्ने तयारी गरेको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सुनारमाथि कडा कारवाही होस

सुशासनको नारा दिएर झण्डै दुई तिहाइ बहुमत ल्याएर सरकार बनाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही सांसदहरुको क्रियाकलापले पार्टीलाई नै बदनाम गराएको छ । पछिल्लो पटक रास्वपाका सांसद खगेन्द्र सुनारले एकजना महिलालाई अपशब्द प्रयोग गर्दै धम्क्याएको अडियो सामाजिक सञ्जालमा भाइरल भएको छ । सार्वजनिक भएको अडियोमा बोलिएको स्वर सुन्नेलाई लाज लाग्छ । घरपरिवारमा त झन् सुन्नै नसकिने ती अडियोमा नारीप्रतिको हदैसम्मको अपमान गरिएको छ । खगेन्द्र २०८२ फागुन २१ मा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रत्यक्ष निर्वाचित एकमात्र दलित समुदायका सांसद हुन् । उनी बाँके-३ बाट निर्वाचित भएका थिए । दलित समुदायमाथि हुने विभेदविरुद्ध आफैँले हातखुट्टामा नेल लगाएर उनले माइतीघरको सडकमा उभिएर संघर्ष गरेका थिए । दलितमाथि हुने बर्बर पीडाका विरुद्ध आवाज उठाउने खगेन्द्रले एकजना महिलालाई मारिदिने र बच्चालाई समेत मार्ने धम्की दिएको अडियोमा सुनिन्छ । महिलाले आफ्नो आपत्तिजनक भिडियो बनाउँदा समेत चुप लागेकी, पटक पटक रकम माग्दा समेत दिएकी तैपनि सँधै कुटपिट गरिएको शब्द पनि बहुमत मुस्किलले बोलेकी छन् । दुई दिनदेखि सार्वजनिक भएको त्यो अडियोको सत्यता परीक्षण गरी तत्काल प्रहरीले कारबाहीको प्रक्रिया थाल्नु पर्ने थियो । तर प्रहरीले हालसम्म घटनाको विषयमा कुनै प्रतिक्रिया जनाएको छैन । गत वर्ष अमेरिकामा बस्ने एक जना युवतीले आफू कलाकार सागर लम्साल 'बले' बाट बलात्कृत भएको भन्दै सामाजिक सञ्जाल (फेसबुक) मा पोष्ट गरेकी थिइन् । फेसबुकमा लेखेकै भरमा २०८२ चैतमा बलेलाई काठमाण्डु प्रहरीले नियन्त्रणमा लिएर हत्कडीमै जिल्ला प्रशासन कार्यालय लगेको थियो । पीडितले बलात्कार सम्बन्धी कसुरमा जाहेरी नदिएपछि बले अभद्र व्यवहारको मुद्दा झेलेर छुटेका थिए । फेसबुकमा लेखेको भरमा कलाकारको हातमा हत्कडी लाग्छ, तर सुन्न नसक्नेगरी महिला र बच्चालाई अपशब्द प्रयोग गर्ने र मार्ने धम्की दिने सांसदमाथि कारबाही हुन्छ कि हुँदैन ? भन्ने प्रश्न उठेको छ । पीडित महिलाले प्रहरीमा उजुरी दिन सक्ने अवस्थामा नरहेको उनकी स्वर सुनेर बुझिन्छ । प्रहरीले पीडित महिला र उनका सन्तानलाई प्रभावकारी सुरक्षा दिन आवश्यक छ । महिलाले आफूलाई सुरक्षित महसुस नगरेसम्म प्रहरीमा उजुरी दिन सक्ने सम्भावना कमजोर छ । सांसद सुनार उपर पार्टीले छानबिन गर्लान् ? त्यो गर्नैपर्छ । तर कानुनले पार्टीको मुख हेर्ने होइन । कानुन त सबैका लागि बराबर हो । सुनार विरुद्ध तीनवटा आपराधिक मुद्दा अदालतमा विचाराधिन रहेको छ । प्रहरीले चुप लागेर बस्न हुँदैन । रास्वपाका सांसद भएकै कारण सुनार कानुन भन्दा माथि हुन सक्दैन ।

# ब्रम्हाण्डको सृष्टिकर्ता माता कुष्माण्डाको पूजा

*सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च ।*
*दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे ॥*

बडा दशैंमा चौथो दिन माता कुष्माण्डाको पूजा गरिन्छ । माता कुष्माण्डा दूर्गा भवानीको चौथो रुप मानिन्छ । आफ्नो मधुर मुस्कान सहित अण्ड अर्थात ब्रम्हाण्डको उत्पति गरेको कारण उनको नाम कुष्माण्डा देवीको रुपमा प्रख्यात भएको हो ।जुन बेला सृष्टि थिएन् ।पृथ्वी थिएन् ।सर्वत्र अंघकार थियो । त्यती बेला माता कुष्माण्डाले नै आफ्नो मन्द हास्यबाट ब्रम्हाण्डको रचना गर्नु भयो । त्यसै कारण उहाँलाई यो संसारको आदिस्वरुपा वा आदिशक्ति भनिन्छ ।देवी कुष्माण्डाले नै ब्रम्हाण्डको रचना गरेकी हुन् ।

माता कुष्माण्डाको आठवटा हात छन् । त्यसकारण उहाँको नाम अष्टभुजाधारीपनि हो ।उहाँको सातवटा हातमा क्रमशः कमण्डल, धनुष, बाण, कमल-पुष्प, अमृतपूर्ण कलश, चक्र र गदा शुशोभित छन् । आठौ हातमा सम्पूर्ण सिद्धी तथा निधी प्रदान गर्ने कल्याणकारी जप माला रहेको छ ।

माता कुष्माण्डाको सवारी सिंहमा हुने गर्छ ।उहाँलाई सिंहको सवारी मन परेको हो ।तर मातालाई कुम्हर(एक प्रकारको तरकारी)को बलि अत्यन्त प्रिय छ ।कुम्हरलाई संस्कृतमा कुष्माण्ड भनिन्छ ।उहाँको नाम कुष्माण्डा परेको कारण त्यसलाई मानिएको छ ।माता कुष्माण्डाको वास सूर्यमण्डलको भित्रको लोकमा छ ।सूर्यलोकमा रहने क्षमता उहाँमा मात्र छ ।सूर्यको तेजलाई वर्दास्तगर्ने क्षमतावान वैभवशाली माता कुष्माण्डाको शरिरको कान्ति र प्रभा सूर्यकै समान दैदिप्यमान (चम्किलो) छ ।उहाँको तेजबाट नै दसौं दिशा उज्जवल र आलोकित छ ।ब्रम्हाण्डमा व्याप्त सबै वस्तु र प्राणीमा उहाँकै तेज व्याप्त छ ।माता कुष्माण्डाको तेजले नै संसार तेजिलो बनेको छ ।



अत्यन्त शान्त भाव, मन स्वच्छ र शरिरलाई पवित्र गरी नवरात्रिको चौथो दिन पूजा आरधना गर्नु पर्छ । यसले भक्तहरुको रोग र शोकको नाश हुन्छ ।साधकहरुको आयु, यश, बल , आरोग्य प्राप्त हुन्छ ।माता कुष्माण्डा थोरै पूजाबाट प्रसन्न हुन्छिन् ।उहाँको पूजाका लागि धेरै सामग्रीको पनि आवश्यकता पर्दैन् । तर उहाँको पूजा स्वच्छ र पवित्र तनमनले गरे चाँडै वर प्राप्ति हुन्छ । सच्चा मनले पूजा गर्नेहरुलाई सहजतासित नै परमपद प्राप्त हुन्छ ।

विधि-विधानले पूजा गर्दा भक्तलाई अल्प समयमा नै माताको कृपाको सूक्ष्म भाव अनुभव हुन थाल्छ ।देवी कुष्माण्डाले आधीँ, व्यवधान लगायतबाट मुक्त गरी सुख-समृद्धि तथा उन्नति प्रदान गर्नु हुन्छ । अंततः यसै देवीको उपासनामा सँधै तत्पर रहनु पर्छ ।

बडा दशैंमा दश दिन सम्म नै श्रद्धालुहरुले माता दूर्गा भवानीको विभिन्न स्वरुपको पुजा गर्छन् ।पहिलो दिन माता शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन माता चन्द्रघण्टा र चौथो दिन कुष्माण्डाको पूजा गरिन्छ ।आदिशक्ती स्वरुपा दूर्गा भवानी एउटै भएपनि विभिन्न कालखण्डमा विभिन्न स्वरुपमा अवतरित भएर असंभव कार्यहरुलाई सहजै संभव बनाएकी हुन् ।

दश दिन सम्म बडा दशैं रहेपनि नौ दिन सम्म मात्र नौ स्वरुपको पूजा हुन्छ ।माता दूर्गाको मन्दिरहरु अथवा पण्डाल र मूर्ती स्थापना गरी गरिने पूजामा सबै स्वरुपको मूर्ती बनाईएको देखिदैन् ।मन्दिर र पण्डालहरुमा दूर्गा भवानीसँगै भगवान गणेश, माता लक्ष्मी, सरस्वती, भगवान शंकर लगायतका देउताहरुको पनि मूर्ती स्थापना गरिएको हुन्छ ।तर पूजा विधि विधान अनुसार नौ दिन सम्म माता दूर्गाकै विभिन्न स्वरुपको पूजा गरिन्छ ।

# नेपालमा युवाहरुको भविष्य: चुनौती, सम्भावना र सरकारको भूमिका



ऋषिकेश यादव

### १. संविधानमा रोजगारीको व्यवस्था र कार्यान्वयनको अवस्था

नेपालको संविधानले रोजगारीलाई नागरिकको मौलिक हकका रूपमा व्यवस्था गरेको छ। संविधानको धारा ३३ मा रोजगारीको हकसम्बन्धी प्रावधान उल्लेख गरिएको छ। तर संविधानमा रोजगारीको हक सुनिश्चित गरिए पनि व्यवहारमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्दा धेरै नेपाली युवाहरू बेरोजगारीको समस्याबाट गुज्रिरहेका छन्। यसैको परिणामस्वरूप दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिसमेत रोजगारीको खोजीमा विदेश पलायन हुन बाध्य भएका छन्।

संविधान जारी भएको करिब एघार वर्ष पुग्न लाग्दासमेत रोजगारीसम्बन्धी संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको प्रश्न उठिरहेको छ। आफ्नो शैक्षिक योग्यता, सीप र क्षमताअनुसार काम गर्न पाउनु युवाहरूको अपेक्षा मात्र नभई उनीहरूको अधिकारसँग पनि सम्बन्धित विषय हो। तर व्यवहारमा धेरै युवाहरूले रोजगारी पाउन सकेका छैनन्। यसले संविधानमा उल्लेख गरिएका अधिकार र तिनको व्यावहारिक कार्यान्वयनबीचको दूरीलाई स्पष्ट पार्छ।

संविधानमा व्यवस्था गर्नु मात्र पर्याप्त हुँदैन। त्यसलाई कार्यान्वयन गर्न आवश्यक नीति, योजना, बजेट र प्रभावकारी अनुगमनको व्यवस्था पनि हुनुपर्छ। त्यसैले युवाहरूको भविष्य सुनिश्चित गर्न सरकारले रोजगारीसम्बन्धी संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न विशेष ध्यान दिन आवश्यक छ।

### २. जेन्जी आन्दोलन र युवाहरूको अपेक्षा

नेपालमा युवाहरूले उठाएका विभिन्न आन्दोलन तथा आवाजहरूमध्ये रोजगारीको विषय पनि महत्त्वपूर्ण छ। युवाहरूको असन्तुष्टिको एउटा प्रमुख कारण देशभित्र पर्याप्त रोजगारीका अवसर नहुनु हो। नागरिकता प्रदान गर्नु मात्र राज्यको दायित्व पूरा हुनु होइन; नागरिकलाई आफ्नो देशमै सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गर्नु पनि राज्यको महत्त्वपूर्ण जिम्मेवारी हो।

युवाहरूको प्रश्न स्पष्ट छ—नेपालमै शिक्षा हासिल गरेपछि रोजगारीका लागि विदेश किन जानुपर्ने? देशमै पढ्ने, आफ्नै देशमा काम गर्ने र आफ्नो श्रम तथा सीपमार्फत राष्ट्रको विकासमा योगदान दिने अवसर किन उपलब्ध हुन सक्दैन? यस्ता प्रश्नले युवाहरूको वर्तमान अवस्था र उनीहरूले राज्यबाट गरेको अपेक्षालाई उजागर गर्छन्।

वि.सं. २०७२ मा संविधान जारी भएपछिका विभिन्न सरकारबाट पनि युवाहरूको रोजगारीसम्बन्धी समस्या पर्याप्त रूपमा सम्बोधन हुन नसकेको गुनासो सुनिन्छ। युवाहरूले शिक्षा हासिल गरेपछि स्वदेशमै आफ्नो भविष्य निर्माण गर्न सक्ने वातावरणको अपेक्षा गरेका छन्। तर रोजगारीको अभावका कारण उनीहरू विदेश जान बाध्य भइरहेका छन्।

जेन्जी आन्दोलनले युवाहरूभित्र रहेको असन्तुष्टि, आकाङ्क्षा र परिवर्तनको चाहनालाई बुझ्ने अवसर दिएको छ। यसले राज्यलाई युवाहरूका माग र समस्याप्रति गम्भीर हुनुपर्ने सन्देश दिएको छ। आन्दोलनबाट व्यक्त भएका अपेक्षालाई सम्बोधन गर्न सरकारले रोजगारी सिर्जना, सुशासन, पारदर्शिता र अवसरको समान वितरणमा ध्यान दिनुपर्छ। युवाहरूको आवाजलाई केवल आन्दोलनका बेलामा मात्र सुन्ने होइन, नीति निर्माण र कार्यान्वयनमा समेत समेट्नुपर्छ।

### ३. दुवै सदनमा रोजगारीसम्बन्धी आवाजको कमी

नेपालको संसद् जनताको आवाज उठाउने र सरकारलाई जनताप्रति उत्तरदायी बनाउने महत्त्वपूर्ण संस्था हो। प्रतिनिधिसभा र राष्ट्रिय सभामा जनप्रतिनिधिहरूले देशका विभिन्न समस्या तथा जनताका आवश्यकताबारे छलफल गर्न सक्छन्। तर युवाहरूको बेरोजगारी र स्वदेशमै रोजगारी सिर्जना गर्ने विषयलाई पर्याप्त प्राथमिकता दिइएको छ कि छैन भन्ने प्रश्न महत्त्वपूर्ण छ।

जनप्रतिनिधिहरूले आफ्नो निर्वाचन क्षेत्रका समस्या संसद्मा उठाउनु आवश्यक छ। तर त्यससँगै देशव्यापी रूपमा देखिएको बेरोजगारीको समस्या समाधान गर्न पनि निरन्तर आवाज उठाउनुपर्छ। युवाहरूलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने विषय कुनै एउटा क्षेत्रको मात्र समस्या होइन; यो समग्र राष्ट्रको आर्थिक तथा सामाजिक विकाससँग जोडिएको विषय हो।

सरकारले प्रत्येक वर्ष बजेट प्रस्तुत गर्छ। बजेटमा रोजगारी सिर्जना, सीपमूलक तालिम, उद्यमशीलता विकास र युवाहरूलाई स्वरोजगार बनाउने कार्यक्रम समावेश गरिए पनि ती कार्यक्रमको प्रभावकारी कार्यान्वयन आवश्यक छ। बजेट विनियोजन गर्नु मात्र उपलब्धि होइन; विनियोजित रकम सही ठाउँमा खर्च भयो कि भएन, लक्षित युवाहरूले लाभ पाए कि पाएनन् र त्यसबाट कति रोजगारी सिर्जना भयो भन्ने विषयमा पनि अनुगमन हुनुपर्छ।

नेपालका विभिन्न मन्त्रालय तथा निकायले वैदेशिक रोजगारीका अवसरका लागि विदेशका कम्पनी वा सम्बन्धित निकायसँग सम्झौता गर्ने गरेका छन्। वैदेशिक रोजगारीले कतिपय परिवारको आर्थिक अवस्थामा सुधार ल्याए पनि देशभित्र रोजगारी सिर्जना गर्ने जिम्मेवारीलाई बेवास्ता गर्न मिल्दैन। सरकारले स्वदेशमै उद्योग, व्यवसाय तथा उत्पादनमूलक क्षेत्रको विकासलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ।

यसका साथै संसदीय समिति, सम्बन्धित मन्त्रालय र स्थानीय तहले रोजगारीसम्बन्धी कार्यक्रमको नियमित समीक्षा तथा अनुगमन गर्नुपर्छ। जनप्रतिनिधिहरूले संसद्मा युवाहरूको बेरोजगारी, सीपअनुसारको काम, उचित पारिश्रमिक र रोजगारीका अवसरको असमान वितरणजस्ता विषयमा प्रभावकारी रूपमा आवाज उठाउन आवश्यक छ। जनप्रतिनिधिहरूको दायित्व कानुन निर्माण गर्नु मात्र होइन, जनताका समस्याको समाधानका लागि सरकारलाई जवाफदेही बनाउनु पनि हो।

### ४. आम्दानीको अभाव र उच्च शिक्षामा पहुँचको समस्या

बेरोजगारीले युवाहरूको व्यक्तिगत जीवनमा मात्र नभई उनीहरूको परिवार र समग्र समाजमा समेत गम्भीर असर पारिरहेको छ। नियमित आम्दानीको स्रोत नहुँदा दैनिक जीवनयापन गर्न कठिन भइरहेको छ। विशेषगरी आर्थिक रूपमा कमजोर परिवारका युवाहरूले आफ्नो परिवारको खर्च धान्नसमेत समस्या भोगिरहेका छन्। बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दै जाँदा आम्दानीको अभावले परिवारको आर्थिक अवस्था थप कमजोर बनाएको छ।

नेपालमा उच्च शिक्षा हासिल गर्ने अवसर पनि सबै युवाहरूका लागि समान छैन। नेपालको अर्थतन्त्रमा कृषिको महत्त्वपूर्ण भूमिका रहेको छ। कृषि पेसामा निर्भर परिवारका लागि आफ्ना छोराछोरीलाई उच्च शिक्षासम्म अध्ययन गराउन आर्थिक कठिनाइ हुन सक्छ। शिक्षासम्बन्धी खर्च धान्न नसक्दा धेरै युवाहरूले बीचमै पढाइ छोड्नुपर्ने वा आफ्नो रुचिअनुसारको विषय अध्ययन गर्न नपाउने अवस्था आउन सक्छ।

अर्कोतर्फ, आर्थिक तथा शैक्षिक अवसर प्राप्त गरेका परिवारका युवाहरूले तुलनात्मक रूपमा उच्च शिक्षा हासिल गर्ने र आफ्नो भविष्य निर्माण गर्ने अवसर बढी पाउन सक्छन्। यसले परिवारको आर्थिक अवस्था र शैक्षिक अवसरबीचको सम्बन्धलाई देखाउँछ। त्यसैले आर्थिक रूपमा कमजोर परिवारका युवाहरूलाई छात्रवृत्ति, सहुलियतपूर्ण शैक्षिक सुविधा तथा सीपमूलक तालिम उपलब्ध गराउन आवश्यक छ।

शिक्षा हासिल गरेका युवाहरूले आफ्नो शैक्षिक योग्यताअनुसारको रोजगारी नपाएको गुनासो पनि सुनिन्छ। रोजगारी पाए पनि कतिपयले आफ्नो योग्यता, सीप र श्रमअनुसारको पारिश्रमिक नपाएको अनुभव गर्छन्। यसले युवाहरूमा निराशा बढाउनुका साथै उनीहरूलाई विदेशमा अवसर खोज्न प्रेरित गर्छ।

पढाइसँगै काम गर्ने अवसर, व्यावसायिक शिक्षा तथा तालिम, इन्टर्नसिप र उद्यमशीलतासम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके युवाहरूलाई अध्ययनकै क्रममा व्यावहारिक अनुभव हासिल गर्न मद्दत पुग्छ। शिक्षालाई श्रम बजारको आवश्यकतासँग जोड्न सके शिक्षित बेरोजगारीको समस्या कम गर्न सकिन्छ।

त्यसैगरी गाउँ र सहरका युवाहरूबीच अवसरको असमानता पनि गम्भीर विषय हो। सहरमा बस्ने युवाहरूले शैक्षिक संस्था, प्रविधि, तालिम र रोजगारीका अवसरमा तुलनात्मक रूपमा सहज पहुँच पाउन सक्छन्। तर ग्रामीण क्षेत्रमा रहेका प्रतिभाशाली युवाहरू आवश्यक स्रोत, सूचना र अवसरको अभावमा पछाडि पर्न सक्छन्। त्यसैले गाउँ र सहर दुवै ठाउँका युवाहरूलाई समान अवसर उपलब्ध गराउने नीति आवश्यक छ।

### ५. युवाहरूको भविष्य निर्माणमा सरकारको भूमिका

युवाहरू देशका महत्त्वपूर्ण सम्पत्ति हुन्। उनीहरूको ज्ञान, सीप, श्रम र सिर्जनशीलतालाई सदुपयोग गर्न सके राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्न सक्छ। त्यसैले युवाहरूलाई रोजगारी उपलब्ध गराउनु सरकारको प्रमुख प्राथमिकतामध्ये एक हुनुपर्छ।

सबैभन्दा पहिले सरकारले देशभित्र रोजगारी सिर्जना गर्ने दीर्घकालीन योजना बनाउनुपर्छ। लामो समयदेखि बन्द रहेका सम्भाव्य उद्योग तथा कारखानाको अवस्था अध्ययन गरी पुनः सञ्चालन गर्न सकिने उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्छ। नयाँ उद्योग स्थापना गर्न लगानीमैत्री वातावरण निर्माण गर्नुका साथै निजी क्षेत्रलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ।

नेपालमा कृषि, पर्यटन, सूचना प्रविधि, ऊर्जा, उद्योग तथा निर्माणजस्ता क्षेत्रमा रोजगारी सिर्जना गर्ने पर्याप्त सम्भावना छन्। सरकारले यी क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार, प्रविधि, लगानी र बजारको व्यवस्था गर्नुपर्छ। कृषिलाई आधुनिक तथा व्यावसायिक बनाउने, पर्यटन क्षेत्रको विस्तार गर्ने, सूचना प्रविधिमा आधारित सेवा तथा व्यवसायलाई प्रोत्साहन गर्ने र स्वदेशी उत्पादनको बजार विस्तार गर्ने नीतिले युवाहरूका लागि नयाँ अवसर सिर्जना गर्न सक्छ।

नेपालमा दक्ष जनशक्ति हुँदाहुँदै पनि उनीहरूले आफ्नो क्षमता र योग्यताअनुसारको काम तथा सुविधा नपाउँदा विदेश पलायन हुनुपर्ने अवस्था देखिन्छ। यस्तो अवस्थालाई कम गर्न सरकारले श्रम बजारको मागअनुसार सीपमूलक तालिम सञ्चालन गर्नुपर्छ। तालिम प्राप्त गरेका युवाहरूलाई रोजगारीसँग जोड्ने व्यवस्था मिलाउनुका साथै उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल र व्यावसायिक विकासका अवसर सुनिश्चित गर्नुपर्छ।

युवाहरूलाई जागिर खोज्ने व्यक्तिका रूपमा मात्र नभई उद्यमी र रोजगारदाता बन्न सक्ने नागरिकका रूपमा पनि विकास गर्नुपर्छ। यसका लागि सहुलियतपूर्ण ऋण, उद्यमशीलता तालिम, व्यवसाय सञ्चालनसम्बन्धी परामर्श र बजारसम्म पहुँचको व्यवस्था गर्न सकिन्छ। विशेषगरी नयाँ व्यवसाय सुरु गर्न चाहने युवाहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सके उनीहरूले आफैँ रोजगारी सिर्जना गर्नुका साथै अरूलाई पनि रोजगारी दिन सक्छन्।

नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार छन्। यी तीनै तहका सरकारले आ-आफ्नो अधिकार क्षेत्रभित्र रहेर रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। संघीय सरकारले राष्ट्रियस्तरको नीति तथा योजना निर्माण गर्ने, प्रदेश सरकारले क्षेत्रीय सम्भावनाका आधारमा रोजगारीका कार्यक्रम अघि बढाउने र स्थानीय सरकारले स्थानीय स्रोत, सीप तथा आवश्यकताअनुसार रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्न सक्छन्।

स्थानीय तहले कृषि, पर्यटन, घरेलु उद्योग, स्थानीय उत्पादन र साना व्यवसायको विकासमा विशेष ध्यान दिनुपर्छ। साथै, प्रत्येक वर्ष सञ्चालन गरिएका रोजगार कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक सुधार गर्नुपर्छ। यसरी तीनै तहका सरकारबीच समन्वय, सहकार्य र जवाफदेहिताको विकास गर्न सके युवाहरूका लागि स्वदेशमै अवसर सिर्जना गर्न मद्दत पुग्नेछ।

### निष्कर्ष

नेपालमा युवाहरूको भविष्य देशको आर्थिक, सामाजिक र राजनीतिक अवस्थासँग प्रत्यक्ष रूपमा जोडिएको छ। युवाहरूलाई बेरोजगार राख्नु उनीहरूको व्यक्तिगत समस्यामा मात्र सीमित हुँदैन; यसले परिवार, समाज र राष्ट्रको विकासमा समेत नकारात्मक प्रभाव पार्छ। देशमा आवश्यक सीप र क्षमता भएका युवाहरूले अवसर नपाएर विदेश पलायन हुनुपर्ने अवस्था रहिरहेमा राष्ट्रले आफ्नो महत्त्वपूर्ण मानव संसाधन गुमाउने जोखिम रहन्छ।

वैदेशिक रोजगारीमा जानु आफैँमा राष्ट्रियताविहीन हुनु होइन। विदेशमा काम गरेर परिवारको आर्थिक अवस्था सुधार्ने र देशमा विप्रेषण पठाउने युवाहरूको योगदान पनि महत्त्वपूर्ण छ। तर रोजगारीको अभावका कारण बाध्य भएर विदेश जानुपर्ने अवस्था अन्त्य गर्नु र स्वदेशमै सम्मानजनक जीवनयापन गर्न सक्ने अवसर उपलब्ध गराउनु राज्यको महत्त्वपूर्ण दायित्व हो।

संविधानमा व्यवस्था गरिएको रोजगारीको हकलाई व्यवहारमा कार्यान्वयन गर्न सरकार, संसद्, राजनीतिक दल, निजी क्षेत्र र समाज सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ। रोजगारी सिर्जनासम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारी रूपमा लागू गर्ने, बजेटको सदुपयोग गर्ने, युवाहरूलाई सीप र प्रविधिसँग जोड्ने तथा गाउँदेखि सहरसम्म समान अवसर उपलब्ध गराउने दिशामा ठोस कदम चाल्न आवश्यक छ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ व्यापारिक सहकार्यको अवसर जुर्नेछ । |
| वृष : | शारीरिक तन्दुरुस्ती बढ्ने र दैनिक कार्यहरु सूचारु रुपमा अगाडि बढ्नेछन् । |
| मिथुन : | सन्तान पक्षबाट खुशीको खबर सुन्न पाइनेछ । |
| कर्कट : | जग्गाजमिनसम्बन्धी विवाद समाधान हुनेछ । |
| सिंह : | छोटो तथा लाभदायक यात्राको योगछ। |
| कन्या : | आर्थिक स्थिति मजबुत बन्दै गएर सञ्चित धनमा वृद्धि हुनेछ । |
| तुला : | व्यक्तित्वमा विशेष निखार आउनेछ । |
| वृश्चिक : | अनावश्यक खर्चको मात्रा बढ्ने सक्ने योग छ । |
| धनु : | सामाजिक क्षेत्रमा सहभागिता जनाउने अवसर जुर्नेछ र मानप्रतिष्ठा बढ्नेछ । |
| मकर : | नयाँ जिम्मेवारी वा पदोन्नति प्राप्त हुनेछ । |
| कुम्भ: | लामो दुरीको यात्रा वा तीर्थाटनको योग छ । |
| मीन: | स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हुलाक सेवालाई व्यवस्थित गर्छौं : मन्त्री तिमिल्सिना



काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपालको हुलाक सेवालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय सेवाका रूपमा अघि बढाइने बताउनुभएको छ ।

हुलाक सेवा विभागद्वारा मंगलबार यहाँ आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया कार्यक्रममा उहाँले विश्वमै हुलाकको आफ्नै ऐतिहासिक महत्व र गरिमा रहेको स्पष्ट पार्नुभयो ।

मन्त्री डा तिमिल्सिनाले हुलाक सेवालाई क्षमता अभिवृद्धि गरी युग सुहाउँदो तुल्याएर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रभावकारी सेवा प्रवाह गर्ने संस्थाका रूपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

मन्त्री तिमिल्सिनाले भन्नुभयो, "अन्तरराष्ट्रियस्तरमा हुलाक सेवा कहीँ पनि खारेज भएको छैन, यसको सेवामा परिवर्तन हुँदै आएकाले नेपालमा पनि हुलाकलाई प्रभावकारी बनाउन कर्मचारीको क्षमता अभिवृद्धि, साधनस्रोत सम्पन्न र दूरदराजका जनतासम्म सेवा पुर्याउने कार्यमा सहयोग गर्न सरकार लागिपरेको छ ।"

उहाँले विगतमा हुलाकका गतिविधि, कमीकमजोरी र देखिएका समस्याको पहिचान गरी आगामी दिनमा हुलाकको काम प्रभावकारी बनाउन मतहतका कर्मचारीको विशेष पहल आवश्यक रहेको बताउनुभयो ।

मन्त्री तिमिल्सिनाले बजेट अभाव, साधनस्रोत कमी र कार्यसम्पादनमा जटिलता देखाएर कुनै पनि कर्मचारी आफ्नो अधिकार र कर्तव्यबाट नपन्छिन निर्देशन दिनुभयो ।

हुलाकको सेवालाई छिटोछरितो र गुणस्तरीय बनाउनेमा विभाग मातहतका सबै निकाय र कर्मचारीको सकारात्मक सोच र प्रतिबद्धता आवश्यक रहेको उहाँको भनाइ छ ।

सरकारले हुलाकमा गरेको लगानीको पूर्ण सदुपयोग गर्न कर्मचारीतन्त्रले सकारात्मक सोच र प्रतिवद्धताका कार्यसम्पादन गर्नुपर्ने उहाँले धारणा व्यक्त गर्नुभयो ।

उहाँले वर्तमान सरकारले सुशासनमा जोड दिएकाले कार्यसम्पादनका सिलसिलामा देखिएका कुनै पनि समस्याको समाधानका लागि खाका लिएर आए सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

हुलाक सेवामा रहेको सवारीसाधनसम्बन्धी समस्या हटाउन एक सय थान मोटरसाइकल खरिद प्रक्रिया सुरु भएको जानकारी दिँदै मन्त्री डा तिमिल्सनाले अतिरिक्त हुलाकका कर्मचारीको सुविधा समयानुकूल बनाउने सन्दर्भमा मन्त्रालय सकारात्मक रहेको बताउनुभयो ।

मन्त्रालयका सचिव राजेन्द्रकुमार पौडेलले हुलाक सेवाको कामलाई आधुनिक, प्रविधिमैत्री र प्रभावकारी तुल्याउँदै प्रदेश र स्थानीय तहसँग समन्वय गरी छिटो र गुणस्तरीय सेवा दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले हुलाक सेवामा नीतिगत सुधार र प्रचारप्रसार आवश्यक रहेको जनाउँदै अतिरिक्त हुलाकका कर्मचारीको सेवासुविधा बढाउनेतर्फ सरकार सकारात्मक रहेको जानकारी दिनुभयो ।

विभागका महानिर्देशक मनमाया भट्टराईले विभिन्न चुनौतीका बीच विभागले आफ्नो जिम्मेवारीलाई व्यवस्थित र द्रुतगतिमा अगाडि बढाएको बताउनुभयो ।

एक सय ५२औँ विश्व हुलाक दिवसका अवसरमा उत्कृष्ठ कार्यसम्पादन गरेको भनी घोषणा गरिएका गोरखा, सल्यान, म्याग्दी र भक्तपुर हुलाक कार्यालयका प्रमुखहरू सम्मानित हुनुभएको छ । कार्यक्रममा हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक ध्रुवराज आचार्यलाई नगदसहित पुरस्कृत गरिएको थियो । रासस

# प्रचण्डद्वारा वाईसीएलले बनाएका २१ अस्थायी आवास हस्तान्तरण

**टुडे समाचारदाता**



नुवाकोट । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नुवाकोटको बेलकोटगढी र विदुर नगरपालिकामा बाढीपहिरो प्रभावित परिवारका लागि वाईसीएल नेपालले निर्माण गरेका २१ वटा अस्थायी आवास हस्तान्तरण गरेका छन् ।

प्रचण्डले मंगलबार बिहान बेलकोटगढी नगरपालिका-७, महादेवथानमा प्रभावित परिवारलाई घरको चाबी हस्तान्तरण गरेका हुन् । दुई कोठा र शौचालयसहितका ती आवास वाईसीएल नेपालको पहलमा निर्माण गरिएका हुन् ।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्डले रसुवाको भोटेकोशीमा आएको प्रलयकारी बाढी र त्यसले पुऱ्याएको अकल्पनीय क्षति प्राकृतिक विपत्तिको परिणाम मात्र नभएको बताए। उनले विकसित भनिने मुलुकहरूले अपनाएको विकासको गलत मोडलको असर नेपालले भोग्नुपरेको बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले कार्बन उत्सर्जनमा नेपालको भूमिका नगण्य भए पनि त्यसबाट उत्पन्न जलवायु परिवर्तनको असर नेपालले भोग्नुपरेको उल्लेख गरे। आफू प्रधानमन्त्री हुँदा संयुक्त राष्ट्रसंघको महासभामा तथा राष्ट्रसंघका महासचिवसँगको भेटमा जलवायु न्यायको विषय उठाएको उनले स्मरण गरे ।

प्रचण्डले रसुवा-भोटेकोशी बाढी प्रभावित क्षेत्रमा आफू पुगेको र आफ्नै उपस्थितिमा प्रभावित परिवारका लागि आवास निर्माण गर्ने घोषणा गरिएको स्मरण गर्दै भवन निर्माणमा खटिएको वाईसीएललाई धन्यवाद दिए ।

घर पाएपछि प्रभावित परिवारले आफ्ना लागि यी आवास केवल अस्थायी घर नभई सुरक्षित जीवनको आधार बनेको बताएका छन् ।

दुःखको समयमा वाईसीएल सहयोगी बनेर आएको भन्दै उनीहरूले खुसी व्यक्त गरेका छन् ।

बेलकोटगढी नगरपालिका-७ का ६३ वर्षीय श्रीकृष्ण नेपालले बाढीले आफ्नो घर आधा पुरेको बताए ।

'मेरो घर बाढीले आधा पुऱ्यो। वाईसीएलले घर बनाइदियो। मेरा लागि यो सिंहदरबार हो,' उनले भने ।

बेलकोटगढी-७ कै प्रदीप राईले यस वर्षको दसैं वाईसीएलले बनाइदिएको घरमा मनाउन पाउने बताए । घर निर्माणले आफूहरूलाई बाँच्न र नयाँ जीवन सुरु गर्न प्रेरित गरेको उनको भनाइ छ ।

स्थानीय शम्भु सिग्देलले वाईसीएलले आफ्नो गाउँलाई ठूलो गुन लगाएको बताए ।

वाईसीएल नेपालका अध्यक्ष पुष्प वलीले बाढीपहिरोबाट प्रभावित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले निर्माण अभियान सञ्चालन गरिएको बताए ।

वाईसीएलका प्रचार विभाग प्रमुख धिरज उपरकोटीका अनुसार निर्माण गरिएका अस्थायी आवास दुई कोठा र शौचालयसहितका छन् । एउटा आवास निर्माणमा अनुमानित चार लाख रुपैयाँ खर्च भएको उनले बताए ।

वाईसीएलका उपाध्यक्ष हरि ढकालका अनुसार दाताहरूबाट प्राप्त निर्माण सामग्री तथा प्राविधिक सहयोगमा ती संरचना निर्माण गरिएका हुन् ।

आवास निर्माण, सरसफाइ, उद्धार, राहत तथा पुनर्निर्माणका काममा वाईसीएलका ६ सयभन्दा बढी नेता तथा कार्यकर्ता परिचालित भएका थिए ।

वाईसीएलले घर निर्माण गरी हस्तान्तरण गरेका परिवारमा मोतिराम राई, सुरेन्द्र नेपाल, श्रीकृष्ण नेपाल, गोपी अधिकारी, लोकनाथ नेपाल, रमेश राई, प्रदीप राई, मीना राई, सोमप्रसाद राई, शिवराम नेपाल, हरिहर नेपाल, रामकुमार मगर, नरेश नेपाल, सरिता नेपाल, मुक्तिराम नेपाल, कोमलप्रसाद नेपाल, टीकाराम नेपाल, लालप्रसाद नेपाल, डण्डपानी घिमिरे र बुद्धलाल चित्रकार रहेका छन् ।

वाईसीएलले २१ वटा आवास हस्तान्तरण गरेको जनाएको भए पनि उपलब्ध विवरणमा २० परिवारको नाम मात्र उल्लेख छ ।

वाईसीएलले आवास निर्माणसँगै बाढीपहिरो प्रभावित क्षेत्रमा राहत वितरण, उद्धार, सरसफाइ तथा पुनःस्थापनाका कामसमेत सञ्चालन गरेको जनाएको छ। संगठनका कार्यकर्ता बाढीपछि निरन्तर प्रभावित क्षेत्रमा खटिएका छन् ।

वाईसिएलका अध्यक्ष पुष्प वलीद्वारा जारी विज्ञप्ति अनुसार प्रभावित परिवारलाई खाद्यान्न, त्रिपाल, औषधि, लत्ताकपडा, सोलार लाइट तथा मोबाइललगायत अत्यावश्यक सामग्री वितरण गरिएको छ । प्रभावित नागरिकको उपचारमा सहयोग पुऱ्याउन ११ जनाको सहभागितामा रक्तदान कार्यक्रमसमेत सञ्चालन गरिएको थियो ।

काठमाण्डुमा रहेका प्रभावित परिवारलाई खाद्यान्न, त्रिपाल, लत्ताकपडा, भाँडाकुँडा तथा औषधोपचारमा सहयोग गरिएको र करिब १०० परिवारलाई खाना पकाउने ग्यास तथा खाद्यान्न उपलब्ध गराउने प्रयास गरिएको वाईसीएलले जनाएको छ ।

वाईसीएलको विज्ञप्तिअनुसार बाढीपहिरो प्रभावित क्षेत्रमा राहत, उद्धार र पुनःस्थापनाका कामका लागि देशभर १० हजारभन्दा बढी स्वयंसेवक परिचालन गरिएको छ ।

संगठनले प्रभावित परिवारलाई राहत उपलब्ध गराउने, सुरक्षित आवास निर्माण गर्ने र उनीहरूलाई सामान्य जनजीवनमा फर्काउन सहयोग गर्ने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# विपद् पूर्वतयारी र सुरक्षित पूर्वाधारमा जोड




काठमाण्डु । एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का महानिर्देशक पेमा ग्याम्छोले पर्वतीय क्षेत्रमा बढ्दो विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, समयमै सूचना प्रवाह र सुरक्षित पूर्वाधार निर्माणमा जोड दिनुभएको छ ।

अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसका अवसरमा आयोजित विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाँचौँ राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा उहाँले पछिल्लो समय नेपालमा भएका बाढीजन्य विपद्ले पर्वतीय क्षेत्रमा जोखिमको प्रकृति जटिल बन्दै गएको देखाएको बताउनुभयो ।

गत भदौ १० मा रसुवा-केरुङ क्षेत्रको बाढी र आइतबार बूढीगण्डकीको बाढीले सामान्य दिन र विपद्बीचको दूरी निकै छोटो हुनसक्ने तथ्य उजागर गरेको स्पष्ट पार्नुभयो ।

"उच्च पर्वतीय क्षेत्रमा उत्पन्न हुने जोखिम झन्झन् जटिल, एकअर्कासँग अन्तरसम्बन्धित र पूर्वानुमान गर्न कठिन हुँदै गएका छन्", ग्याम्छोले भन्नुभयो, "पहाडी तथा हिमाली क्षेत्रमा माथिल्लो भेगमा हुने घटनाले तल्लो तटीय क्षेत्रमा रहेका बस्ती, पूर्वाधार र जीविकोपार्जनमा समेत गम्भीर असर पार्न सक्छन् ।"

महानिर्देशक ग्याम्छोले विपद् व्यवस्थापनमा नेपाल सरकार, विशेषगरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निर्वाह गरेको नेतृत्वको प्रशंसा गर्नुभयो ।

उहाँले विपद् प्रभावित समुदाय, उद्धारकर्मी तथा सहयोगमा संलग्न संस्थाप्रति आभार व्यक्त गर्दै नेपाल सरकारसँग सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

महानिर्देशक ग्याम्छोले विपद्को आवृत्ति र तीव्रता बढ्दै जाने जोखिम रहे पनि त्यसको समय, स्थान र स्वरूप ठ्याक्कै पूर्वानुमान गर्न नसकिने भएकाले नागरिकलाई पूर्वतयारी अवस्थामा राख्नु महत्त्वपूर्ण हुने बताउनुभयो ।

महानिर्देशक ग्याम्छोका अनुसार विपद् आउनुअघि नै जोखिम पहिचान गर्ने, समयमै पूर्वसूचना पुर्याउने तथा घर, सडक, पुल, जलविद्युत् आयोजना र जीविकोपार्जनका आधारलाई सुरक्षित बनाउनेतर्फ ध्यान दिन आवश्यक छ ।

यस वर्षको अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसको 'सुरक्षित घरबाटै उत्थानशीलताको सुरुआत' भन्ने मूल सन्देश छ । उक्त सन्देशले पनि विपद्पछिको उद्धार तथा राहतमा मात्र सीमित नभई घरपरिवार, समुदाय, पूर्वाधार र संस्था जोखिम सामना गर्न कति तयार छन् भन्ने विषयमा ध्यान दिन आह्वान गरेको उहाँले उल्लेख गर्नुभयो ।

महानिर्देशक ग्याम्छोले इसिमोडले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्व र स्वीट्जरल्यान्डको दूतावासको सहयोगमा रसुवा-केरुङ बाढीबाट सिकेका पाठका आधारमा हिन्दूकुश हिमालय क्षेत्रमा उच्च पर्वतीय विपद्को शृङ्खलाबद्ध प्रभाव सामना गर्न पूर्वतयारी सुदृढ गर्ने विषयमा क्षेत्रीय बैठक आयोजना गरेको जानकारी दिनुभयो ।

उहाँले उक्त बैठकबाट विपद् अघि, विपद्का समयमा र विपद्पछि अपनाउनुपर्ने उपाय समेटिएको 'काठमाडौंका १० कार्यबुँदा' तयार गरिएको बताउनुभयो। महानिर्देशक ग्याम्छोले पूर्वतयारी सुदृढ गर्न, सूचनाको आदानप्रदान सुधार गर्न र क्षेत्रीय सहकार्य अघि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

रसुवा र बूढीगण्डकीमा भएका बाढीका घटनाले माथिल्लो जलाधार क्षेत्रमा हुने विपद्को प्रभाव तल्लो तटीय क्षेत्रसम्म फैलिन सक्ने देखाएको उल्लेख गर्दै उहाँले जोखिम न्यूनीकरणका लागि विकास योजना तथा कार्यक्रम निर्माण गर्दा बहुप्रकोप जोखिम मूल्याङ्कनलाई आधार बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले इसिमोडले रसुवा-केरुङ विपद्सम्बन्धी आफ्नो मूल्याङ्कन सार्वजनिक गर्ने र पछिल्लो विपद्का विषयमा पनि सरकारी निकायसँग सहकार्य गरी समान प्रकृतिको प्रतिवेदन तयार गर्न प्रयास गर्ने बताउनुभयो । रासस

# पर्वतीय विपद् व्यवस्थापनका लागि नीतिगत पुनरावलोकन गर्नुपर्ने




काठमाण्डु । गृह मन्त्रालयका सहसचिव एकदेव अधिकारीले नेपालमा बढ्दो पर्वतीय विपद्को जोखिम न्यूनीकरणका लागि विद्यमान नीति, कानुन तथा विपद् व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्न आवश्यक रहेको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसका अवसरमा आयोजित विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाँचौँ राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा उहाँले नेपालको भौगोलिक अवस्था र पछिल्लो समय देखिएका विपद्का घटनालाई ध्यानमा राखेर जोखिम व्यवस्थापनको समग्र प्रणाली विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले उच्च हिमाली क्षेत्रमा हुने अतिवृष्टि, पहिरो, नदीमा आकस्मिक बाढी तथा बूढीगण्डकी क्षेत्रमा देखिएका सुक्खा पहिरो र नदी थुनिने घटनालाई अलग-अलग रूपमा मात्र नहेरी तिनको अन्तरसम्बन्ध र समग्र जोखिमको विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

"हाम्रा आफ्नै भौगोलिक अवस्था र समस्यालाई ध्यानमा राखेर विपद् व्यवस्थापनलाई विकास नीतिमा समाहित गर्नुपर्छ । पूर्वतयारी, उद्धार र राहतका कामलाई पनि जोखिममा आधारित समग्र प्रणालीका रूपमा विकास गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

विपद् पूर्ण रूपमा रोक्न नसकिए पनि मानवीय क्षति न्यूनीकरण र महत्त्वपूर्ण पूर्वाधारको संरक्षण गर्न सकिने उहाँको भनाइ थियो । त्यसका लागि पूर्वाधार निर्माणको डिजाइन, सुरक्षा तथा तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने उहाँले बताउनुभयो ।

सहसचिव अधिकारीले गृह मन्त्रालयले उच्च हिमाली क्षेत्रमा उत्पन्न हुने विशिष्ट प्रकृतिका विपद् व्यवस्थापनका लागि आवश्यक ढाँचा विकास गर्न काम गरिरहेको जानकारी दिनुभयो । यसका लागि वैज्ञानिक, प्राज्ञिक क्षेत्र, विकास साझेदार तथा एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)जस्ता संस्थाले गरेका अनुसन्धान र अध्ययनको पुनरावलोकन गरिने उहाँले बताउनुभयो ।

सम्मेलनले आगामी दिनमा आवश्यक नीतिगत सुधारका लागि महत्त्वपूर्ण सुझाव र सिफारिस प्राप्त हुने विश्वास व्यक्त गर्दै उहाँले विपद् व्यवस्थापनमा संलग्न सबै निकाय तथा विज्ञको सहयोग आवश्यक रहेको बताउनुभयो ।

यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले जलवायु परिवर्तनलगायत विभिन्न कारणले विपद्को जोखिम बढ्दै गएको बताउनुभयो ।रासस

# चितवनमा स्क्रब टाइफसका सङ्क्रमित २३४ पुगे



नारायणगढ । चितवनमा चालु आर्थिक वर्षमा स्क्रब टाइफसबाट सङ्क्रमित हुनेको सङ्ख्या २३४ पुगेको छ ।

जनस्वास्थ्य कार्यालय चितवनले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लाभित्रका १४२ जना र बाहिरी जिल्लाबाट उपचारका लागि आएका ९२ जना गरी कुल २३४ जनामा स्क्रब टाइफसको सङ्क्रमण पुष्टि भएको हो ।

कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले हालसम्म एक हजार ८१६ जनाको नमूना परीक्षण गरिएकामा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको बताउनुभयो । उहाँका अनुसार जिल्लाका स्थानीय तहअनुसार सबैभन्दा बढी रत्ननगर नगरपालिकामा ४६ जना (१८ पुरुष, २८ महिला) र भरतपुर महानगरपालिकामा ३२ जना (नौ पुरुष, २३ महिला)मा सङ्क्रमण पुष्टि भएको छ ।

त्यसैगरी खैरहनी नगरपालिकामा २२ जना, राप्ती नगरपालिकामा २०, कालिका नगरपालिकामा १७, माडी नगरपालिकामा तीन र इच्छाकामना गाउँपालिकामा दुई जनामा सङ्क्रमण देखिएको छ।

कार्यालयका अनुसार सङ्क्रमित हुनेमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी छ । जिल्लाभित्रका सङ्क्रमित १४२ जनामध्ये ५२ पुरुष र ९० महिला छन् भने बाहिरी जिल्लाबाट आएका ९२ सङ्क्रमितमध्ये ३४ पुरुष र ५८ महिला छन् । हालसम्म जिल्लामा स्क्रब टाइफसका कारण कसैको मृत्यु भएको छैन ।

**के हो स्क्रब टाइफस र कसरी सर्छ ?**

स्क्रब टाइफस 'ओरिएन्टिया सुत्सुगामुसी' नामक जीवाणुबाट सङ्क्रमित मुसामा पाइने सुक्ष्म किर्ना (माइट वा चिगर)को टोकाइबाट मानिसमा सर्ने सङ्क्रामक रोग हो ।

जुम्राभन्दा सुक्ष्म हुने यो किर्ना प्रायः नाङ्गो आँखाले देख्न सकिँदैन र यो विशेषगरी मुसाको कान वा शरीरमा बस्ने गर्छ ।रासस


## KARAIYAMAI RURAL MUNICIPALITY

### Office Of The Rural Municipal Executive

### Karaiya, Bara

**Invitation for Bids No: 01**

**Date ofpublication: 2083/06/27**

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites Hard copy National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9855048988

| Contract Identification No. | Description | Estimated Amount Without VAT | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submmission |
|---|---|---|---|---|---|
| KRM/NCB/Goods/ 01/2083-084 | Maize sedes (TMMH-2858 & PARASH-3055) Kharid | 5996800 | 175000 | 3000 | 2083/07/16 |

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

**Chief Administrative Office**

